फारम नं.:

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

प्रदेश नं. १, धनकुटा

निर्देशक

■ ■ ■

## सोलुखुम्बु जिल्ला सदरमुकाम देखि विभिन्न स्थानिय तहसम्मको लागि फोर्टीफाइड पिठो ढुवानी सम्बन्धी प्रस्ताव माग फारम

आ.ब. २०७६/ ७७

मिति : २०७७०३१६

प्रस्तावदाताको नाम, ठेगानाः ..........................................

..........................................

फर्मको छाप :

मिति : ................................

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय,धनकुटा

**फोर्टी फाइड पिठो ढुवानी सम्बन्धी प्रस्ताव आव्हानकोसूचना**

सूचना प्रकाशित मितिः २०७७/०३/१६ गते

यस निर्देशनालयबाट आ.व.०७६/०७७ मा सोलुखुम्बु जिल्ला सदरमुकामबाट तपसिलका स्थानिय तहहरुमा फोर्टी फाइड पिठो ढुवानी गर्नको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ बमोजिम यस निर्देशनालयले तोकेकोढाँचामा प्रस्ताव तयार गरी ढुवानी कार्य गर्न इच्छुकफर्म, संस्था वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले ३(तीन) दिनभित्र यस निर्देशनालय वा निर्देशनालयको **Email:hdplanning.p1@gmail.com**मार्फतप्रस्तावपठाई दर्ता गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।प्रस्ताव सम्बन्धी विस्तृत जानकारीका लागि कार्यालयको वेभसाइट **www.hd.p1.gov.np**बाट समेत जानकारी लिन सकिनेछ ।

**तपसिल**

| सि.नं. | प्रस्ताव नं. | कामको विवरण | कैफियत |
|---|---|---|---|
| १ | ढुवानी- क/२०७६-७७ | फोर्टीफाईट पिठो ढुवानी सोलुखुम्बु सदरमुकाम देखिसोताङ गा.पा. र सोलुदुधकुन्ड न.पा.सम्म | |
| २ | ढुवानी- ख/२०७६-७७ | फोर्टीफाईट पिठो ढुवानी सोलुखुम्बु सदरमुकाम देखि माप्या दुधकोशी गा.पा., थुलुङदुधकोशी गा.पा. र नेचा सल्यान गा.पा.सम्म | |

निर्देशक

निर्देशक

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

## स्वास्थ्य निर्देशनालय, प्रदेश नं.१, धनकुटा

## प्रस्ताव आह्वानको सूचना

**प्रकाशित मिति २०७७।०३।१६**

स्वास्थ्य निर्देशनालय, धनकुटाबाट आ.व २०७६।०७७ मा प्रदेश नं. १ अन्तंगतको सोलुखुम्बु जिल्ला सदरमुकामबाट तपसिलका स्थानीय तहहरुमा फोर्टीफाईट पिठो ढुवानी गर्ने कार्यआ.व २०७६।०७७ को आषाढ मसान्तसम्ममा सम्पन्न गर्न सम्बन्धित फर्म कम्पनीको दर्ता प्रमाण पत्र नविकरण,मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.व.०७५।०७६ को करचुक्ताको प्रमाण पत्रसहित यस निर्देशनालयले तोकेको ढाँचामा प्रस्ताव तयार गरी ३(तीन) दिन भित्र यस निर्देशनालय धनकुटा वा निर्देशनालयको Email: hdplanning.p1@gmail.com मा सो कार्य गर्नको लागि इच्छुक ढुवानी गर्ने संस्था ढुवानीकर्ता/फर्महरुबाट सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ बमोजिम रीतपूर्वकको प्रस्ताव आह्वान सम्बन्धी यो सूचना प्रकाशित गरिएको छ । साथै प्रस्तावदाताहरुसंग मिति २०७७ ०३ १९ गते दिनको १२:०० बजे उचित मूल्यको लागि वार्ता गरिनेछ ।

१. लिखित दरभाउ वा प्रस्ताव फारम website मा सूचना प्रकाशित भएको मितिले तेस्रो दिनको कार्यालय समय भित्र फर्म कम्पनी दर्ता प्रमाणपत्र आ.व.०७६।०७७ सम्म नवीकरण भएको), व्यवसाय दर्ता प्रमाणपत्र (ढुवानी सम्बन्धी कामकाज गर्ने भनी उद्देश्य खुलेको), मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाण पत्र र आ.व ०७५।०७६ को कर चुक्ता प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपी संलग्न गर्वीयस निर्देशनालयबाट प्राप्त हुने वा यस निर्देशनालयको website: hd.p1.gov.np मा राखिएको प्रस्तावयस निर्देशनालयमा वा यस निर्देशनालयको Email: hdplanning.p1@gmail.com मा पेश गर्न सकिनेछ ।

२. लिखित दरभाउ वा प्रस्तावहरु चौथो दिनमा यस निर्देशनालयमा खोलिने छ । प्रतिनिधि अनिवार्य उपस्थित हुनुपर्ने छ । उपस्थित नभए उपस्थित हुने **लिखित दरभाउ वा प्रस्तावप्रस्तावदाताहरु विच बार्ता गरी कायम भएको न्युनतम दररेटलाई कायम गरिने छ ।**

३. प्रस्तावदाताले फोर्टी फाइड पिठो (Supercereal) ढुवानीको लिखित दरभाउ वा प्रस्तावमा भएको दररेट फाराम अनिवार्य रुपमा भरि पेश गनुपर्ने छ । दररेट नभरि पेश हुन आएको लिखित दरभाउ वा प्रस्ताव मान्य हुने छैन ।

४. फर्मसंग सम्वन्धित आधिकारिक व्यक्तिको दस्तखत तथा फर्मको छाप नभएको लिखित दरभाउ वा प्रस्ताव उपर कारवाही गरिने छैन ।

५. अन्य बिस्तृत विवरण प्रस्ताव फारमसाथ प्राप्त गर्न सकिने छ तथा निर्देशनालयमा सम्पर्क राखी बुझ्न सकिने छ । थप जानकारीको लागि यस निर्देशनालयको फोन नं ०२६-५२०५०८ मा सम्पर्क गर्न वा Website: www.hd.p1.gov.np मा भएको सूचना हेर्न सकिनेछ ।

६. यसमा उल्लेख गर्न छुट भएका कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।

**तपसिल**

| सि.नं. | प्रस्ताव नं. | कामको विवरण | सम्झौता र कार्यदेश दिने समय | कार्य सम्पन गर्ने समय | कैं. |
|---|---|---|---|---|---|
| १ | ढुवानी- क/२०७६-७७ | फोर्टीफाईट पिठो ढुवानी सोलुखुम्वु सदरमुकाम देखिसोताङ गा.पा. र सोलुदुधकुन्ड न.पा.सम्म | प्रस्ताव खोलिएको तिन दिन भित्र | सम्झौता र कार्यदेश पाएको ७ दिन भित्र | |
| २ | ढुवानी- ख/२०७६-७७ | फोर्टीफाईट पिठो ढुवानी सोलुखुम्वु सदरमुकाम देखि माप्या दुधकोशी गा.पा., थुलुङदुधकोशी गा.पा. र नेचा सल्यान गा.पा.सम्म | प्रस्ताव खोलिएको तिन दिन भित्र | सम्झौता र कार्यदेश पाएको ७ दिन भित्र | |

निर्देशक

# १. प्रस्ताव आव्हानसम्बन्धी कार्यविधिको सामान्य जानकारी

१. प्रदेश सरकारद्धारा स्वीकृत वार्षिक कार्यक्रम र बजेट अनुसार यस निर्देशनालयकोसोलुखुम्बु जिल्लामाMCHN निरन्तरता(स्वास्थ सामाग्री)बाट भुक्तानी हुने गरी यो प्रस्ताव आव्हानसम्वन्धि कागजात जारी गरिएको छ ।

२. यस खरिद कार्यको प्रतिष्पर्धामा कुनै प्रस्ताव आव्हानकर्ताप्रत्यक्ष रुपमा आफै वा आफ्नो एजेन्ट मार्फत भ्रष्टाचारजन्य, जालसाजीजन्य, मिलेमतो, करकापजन्य कार्य वा बाधाविरोधजन्य गतिविधिमा संलग्न भएको खरिदकर्तालाई लागेमा त्यस्तो प्रस्ताव आव्हानकर्ताले सिधै अस्वीकार गर्नेछ । साथै त्यस्तो फर्म वा व्यक्तिलाई नेपाल सरकार,दातृ पक्षको सहयोग अर्न्तगतका ठेक्काहरुमा सहभागी हुनबाट बन्चित गरिने वा निश्चित समय सम्मको लागी अयोग्य घोषित गरिने छ ।

४. फर्म/कम्पनी दर्ता प्रमाण पत्र, व्यवसाय दर्ता प्रमाण पत्र (आ.व. ०७६/०७७ सम्म नविकरण भएको) स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धिकर दर्ताको प्रमाणपत्र भएको र आन्तरिक राजश्व निर्देशनालयबाट गत आ.व.०७५/०७६ को कर चुक्ता गरी प्रमाणपत्र प्राप्त गरेका स्वदेशी फर्म/कम्पनी मात्र यो प्रस्तावमा सहभागी हुन योग्य हुनेछन् ।

५. प्रस्ताव सम्वन्धि विवरणमा तोकिएको र करार सम्झौता अन्तर्गत आपूर्ती गरिएका मालसामान मात्र ग्राह्य हुनेछन् ।

६. प्रस्तावदाताले प्रस्ताव सम्वन्धि कागजातमा उल्लेखित फाराम भरी प्रस्ताव पेश गर्नु पर्नेछ । ती फारामहरुमा विना कुनै हेरफेर तीनमा रहेका खाली ठाउँहरु सबैमा मागिएका विवरणहरु पूर्णरुपले भर्नु पर्नेछ ।

७. म्याद नाघी प्राप्त भएको प्रस्तावउपर प्रस्तावकर्ताले कुनै कारवाही गर्ने छैन ।

८. प्रस्तावदाताले प्रस्ताव गरेको कवोल अंकमा कम कवोल गरेको प्याकेज अनुसार स्वीकृत गरिनेछ ।

९. प्रस्तावदाताले आफ्नो प्रस्ताव तोकिएको समय भित्रै खामबन्दी गरि यस निर्देशनालयमा वा माथि उल्लेखित ईमेल ठेगानामापठाई दर्ता गराउनु पर्नेछ ।

१०. वार्ता पश्चात सारभूतरुपमा प्रभावग्राही ठहरिएको न्यूनतम मूल्यांकित प्रस्तावदाताको प्रस्तावलाई प्रस्तावकर्ताले ठेक्का प्रदान गर्न छनौट गर्नेछ ।

११. प्रस्ताव आव्हानसम्वन्धि कागजातमा उल्लेखित कुनै प्रावधान सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियामावली २०६४ मा रहेका प्रावधानसँग बाझिएमा बाझिएको हद सम्म स्वत: निस्कृय हुनेछन् र ऐन नियममा रहेका प्रावधानहरु मान्य हुनेछन् ।

## २. प्रस्ताव आव्हानसम्बन्धि अनिवार्य भर्नु पर्ने विवरणहरु

१. प्रस्तावकर्ताको नाम :स्वास्थ्य निर्देशनालय, धनकुटा

२. प्रस्तावको भाषा : नेपाली

३. प्रस्तावदाताले कवोल गरेको मूल्यमा मूल्य समायोजन गरिने छैन ।

४. प्रस्तावदाताले निम्न कागजात पेश गर्नु पर्नेछ ।

क. फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ख. व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (आ.व. ०७६/०७७ सम्म नविकरण भएको)

ग. मूल्य अभिवृद्धि कर र स्थायी लेखा नं. दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

घ. प्रस्तावदाताले आफू यो खरिद कारवाहीमा सहभागी हुन अयोग्य घोषित नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो कुनै स्वार्थ्य नवाझिएको र आफुले पेशागत वा व्यवसायिक कसुर सम्बन्धि कुनै सजाय नपाएको भनि लिखित घोषणपत्र ।

ङ आ.व.२०७५/०७६ को कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

५. प्रस्तावपेश गर्ने :

क. प्रस्तावपेश गर्ने अन्तिम मिति र समय

सूचनामा उल्लेख भएवमोजिम हुनेछ ।

ख: प्रस्तावखोल्ने मिति, समय र स्थान

सूचनामा उल्लेख भएवमोजिम हुनेछ ।

## ३.प्रस्ताव आव्हान साथ पेश गर्नुपर्ने फारामहरु

### ३.१.प्रस्तावपेश गर्ने निवेदन

प्रदेश सरकार
१ नं. प्रदेश
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
धनकुटा

मिति

निर्देशक

श्रीस्वास्थ्य निर्देशनालय

धनकुटा

विषयः प्रस्तावपेश गरिएको सम्बन्धमा ।

तहाँ निर्देशनालयको मिति २०७७/०३/१६ गते प्रकाशित सूचना अनुसार तपशील अनुसार फोर्टी फाइड पिठो ढुवानी गर्न यस प्रस्तावमा तोकिएका शर्तहरु समेत पालना गर्न मन्जुर भई ढुवानी गर्नका लागि यो निवेदन साथप्रस्ताव पेश गरेको छु ।

मेरो हाम्रो दररेट यसै साथ संलग्न प्रस्ताव फाराममा उल्लेख गरे अनुसार हुनेछ । म उल्लेखित सामानहरु प्रस्ताव फाराममा उल्लेखित शर्तहरुको अधिनमा रहि ढुवानी गर्न मन्जुर छु गर्दछु भनि योप्रस्तावफाराम पेश गरेको छु छौं ।

**प्रस्ताव**

कामको विवरण:फोर्टीफाईट पिठो ढुवानी–

क. ढुवानी-क/२०७६-७७सोलुखुम्बु सदरमुकाम देखिसोताङ गा.पा. र सोलुदुधकुन्ड न.पा.सम्म

ख. ढुवानी-ख/२०७६-७७सोलुखुम्बु सदरमुकाम देखि माप्या दुधकोशी गा.पा., थुलुङ दुधकोशी गा.पा. र नेचा सल्यान गा.पा.सम्म

नामः

पदः

हस्ताक्षरः

प्रस्तावमा ..........................................................................को तर्फबाट हस्ताक्षर गर्न अधिकार प्राप्त

मिति :

# ४.फोर्टी फाइड पिठो (Supercereal) ढुवानी सम्बन्धी कबोल दररेटको विवरण

दरभाउ वा प्रस्तावनं. ढुवानी- क/२०७६-७७

कामको विवरण :फोर्टीफाईट पिठो ढुवानी सोलुखुम्बु सदरमुकाम देखिसोताङ गा.पा. र सोलुदुधकुन्ड न.पा.सम्म

| सि.नं. | ढुवानी विवरण | अनुमानित परिमाण | ईकाई | कबोल दररेट प्रति क्वीन्टल(प्रति १००के.जी.) मुल्य अभिबृद्धि कर बाहेक | | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा रु. | अक्षरमा रु. | | |
| १ | फोर्टीफाईट पिठो ढुवानी सोलुखुम्बु सदरमुकाम देखि(सोताङ गा.पा. र सोलुदुधकुन्ड न.पा.सम्म) | ८३७ | क्वीन्टल | | | | |
| जम्मा | | | | | | | |
| १३% मू.अ.क. | | | | | | | |
| कुल जम्मा | | | | | | | |

पूनश्च: कवोल दररेट उल्लेख गर्दा मु.अ.कर वाहेकको दर उल्लेख गर्नू पर्ने छ । उल्लेखित परिमाणमा थपघट हून सक्ने छ ।

यस प्रस्तावमा उल्लेखित सम्पुर्ण शर्त एवं हामीले मैले दिएको विवरणहरु पुर्ण रुपले पालना गर्न मन्जूर गरेका छौं छु तथा प्रस्तावमा उल्लेख भएका विवरणहरु ठीक सांचो हो यसमा फरक पर्ने छैन । झूट्टा विवरण दिएको खण्डमा वा उल्लेखित शर्तहरु पूर्ण रुपले पालना नगरेको वा उल्लंघन गरेको खण्डमा ऐन नियम कानून वमोजिम सजाय भोग्न तयार छौं छु ।

दरभाउ वा प्रस्तावदाताको सही:

दरभाउ वा प्रस्तावदाताको नाम: ठेगाना:

फर्मको छाप : फर्मको नाम: सम्पर्क नं.:

निर्देशक

## ४.१ फोर्टी फाइड पिठो (Supercereal) ढुवानी सम्बन्धी कबोल दररेटको विवरण

दरभाउ वा प्रस्तावनं. ढुवानी-ख/२०७६-७७

फोर्टीफाईट पिठो ढुवानी : सोलुखुम्बु सदरमुकाम देखि माप्या दुधकोशी गा.पा., थुलुङदुधकोशी गा.पा. र नेचा सल्यान गा.पा.सम्म

| सि.नं. | ढुवानी विवरण | अनुमानित परिमाण | ईकाई | कबोल दररेट प्रति क्वीन्टल (प्रति १००के.जी.) मुल्य अभिबृद्धि कर बाहेक | | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | अंकमा रु. | अक्षरमा रु. | | |
| १ | फोर्टीफाईट पिठो ढुवानी(सोलुखुम्बु सदरमुकाम देखि माप्या दुधकोशी गा.पा., थुलुङदुधकोशी गा.पा. र नेचा सल्यान गा.पा.सम्म) | ६७१ | क्वीन्टल | | | | |
| जम्मा | | | | | | | |
| १३% मू.अ.क. | | | | | | | |
| कुल जम्मा | | | | | | | |

पुनश्च: कबोल दररेट उल्लेख गर्दा मु.अ.कर बाहेकको दर उल्लेख गर्नु पर्ने छ । उल्लेखित परिमाणमा थपघट हुन सक्ने छ ।

यस प्रस्तावमा उल्लेखित सम्पुर्ण शर्त एवं हामीले/मैले दिएको विवरणहरु पुर्ण रुपले पालना गर्न मञ्जुर गरेका छौं/छु तथा प्रस्तावमा उल्लेख भएका विवरणहरु ठीक साचो हो यसमा फरक पर्ने छैन । झुट्टा विवरण दिएको खण्डमा वा उल्लेखित शर्तहरु पुर्ण रुपले पालना नगरेको वा उल्लंघन गरेको खण्डमा ऐन नियम कानून बमोजिम सजायं भोग्न तयार छौं छु ।

दरभाउ वा प्रस्तावदाताको सही:

दरभाउ वा प्रस्तावदाताको नाम: ठेगाना:

फर्मको छाप : फर्मको नाम: सम्पर्क नं.:

निर्देशक

## ५. डेलिभरी र काम-सम्पन्न गर्ने तालिका

तल उल्लिखित मिति, अवधि, र स्थानमा डेलिभरी गरिनेछ:

| लाईन आइटम नं | मालसामानको विवरण | परिमाण | एकाई | प्रस्ताव सम्बन्धि विवरणमा तोकिएको अन्तिम गन्तव्य | डेलिभरी दिने मिति | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | चाँडोमा संझौता मितिबाट | स्वीकार्य संझौता मितिबाट | प्रस्तावदाताले प्रस्ताव गरेको डेलिभरी दिने मिति *(प्रस्तावदाताले भर्नु पर्ने)* |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ |
| सबै | Fortified Flour ढुवानी | ८३७ | क्वीन्टल | क. फोर्टीफाईट पिठो ढुवानी सोलुखुम्बु सदरमुकाम देखिसोताङ गा.पा. र सोलुदुधकुन्ड न.पा.सम्म। | ३ दिन | ७ दिन भित्र | |
| सबै | Fortified Flour ढुवानी | ६७१ | क्वीन्टल | ख. फोर्टीफाईट पिठो ढुवानी सोलुखुम्बु सदरमुकाम देखिमाप्या दुधकोशी गा.पा.,थुलुङ दुधकोशी गा.पा. र नेचा सल्यान गा.पासम्म। | ३ दिन | ७ दिन भित्र | |

## ६.करारका सामान्य शर्तहरु

१. प्रस्ताव रितपूर्वक भरी प्रकाशित भएको मितिले ३ दिनको भित्र यस निर्देशनालयमा वा निर्देशनालयको ईमेल ठेगानामा दर्ता गराई सक्नु पर्नेछ।

२. प्रस्तावदाताले प्रदेश नं. १ को अन्तंगत प्रस्ताव नं. ढुवानी-क/२०७६-७७(सोलुखुम्बु सदरमुकाम देखि सोताङ गा.पा. रसोलुदुधकुन्ड न.पा.सम्म)र प्रस्ताव नं. ढुवानी-क/२०७६-७७(सोलुखुम्बु सदरमुकाम देखिमाप्या दुधकोशी गा.पा., थुलुङ दुधकोशी गा.पा., नेचा सल्यान गा.पा.सम्म।प्रति क्वीन्टल के कति दररेटमा फोर्टी फाइड पिठो (Supercereal)ढुवानी गर्न सकिन्छ। सोको दररेट अंक र अक्षरमा केरमेट नगरी स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ।

३. प्रस्तावकर्ता र ढुवानीकर्ताले गोप्यता कायम राख्नु पर्दछ र प्रत्यक्ष वा अप्रत्यक्ष तवरबाट अर्को पक्षले पेश गरेको करारसंग सम्वन्धित कागजातहरु (Documents), तथ्यांङ्क (Data), वा अन्य सूचनाहरु; त्यस्तो सूचना करार हुनु अगावै, करार हुँदाको वखत वा करार समाप्त भएपछि वा करार तोडिएपछि पेश गरिएको भएतापनि; सम्वन्धित पक्षको लिखित सहमति विना कुनै तेस्रो पक्षलाई उपलब्ध गराउनु हुँदैन । तर, ढुवानीकर्ताले खरिदकर्ताबाट पाएको कागजात, तथ्याङ्क, वा अन्य सूचनाहरु, सब-कन्ट्राक्टरलाई करार अन्तर्गतको काम पूरा गर्न आवश्यक हुने जति उपलब्ध गराउन सक्नेछ र ढुवानीकर्ताले पालना गर्नु पर्ने सरहको गोप्यता कायम राख्ने प्रतिवद्धता लिनु पर्दछ ।

४. करारसंग असम्बन्धित अन्य कुनै पनि प्रयोजनका लागि प्रस्तावकर्ताले ढुवानीकर्ताबाट प्राप्त गरेको कागजात, तथ्याङ्क, वा अन्य सूचनाहरु उपयोग गर्नु हुँदैन । यसैगरी, ढुवानीकर्ताले पनि प्रस्तावकर्ताबाट प्राप्त गरेको कागजात, तथ्याङ्क, वा अन्य सूचनाहरु करार अन्तर्गतको काम पूरा गर्न आवश्यक पर्ने डिजाईन, खरिद, वा अन्य कार्य वा सेवाको लागि बाहेक अन्य प्रयोजनका लागि उपयोग गर्नु हुँदैन ।

५. सामान लोड गर्नु पूर्व आवश्यक प्याकिङ्गको व्यवस्था स्वास्थ्य निर्देशनालय धनकुटाको सोलुखुम्बु स्टोरबाट नै हुने छ । थप प्याकिङ्ग र लोड अनलोडको लागी ढुवानीकर्ताले छुट्टै रकम दावी गर्न पाइने छैन ।

६. ढुवानीकर्ताले सम्वन्धित स्टोरबाट सामान बुझि लिएपछि प्रस्तावमा तोकिएको समयभित्र सम्वन्धित स्थानमा सामान बुझाई सक्नु पर्नेछ । सो अवधिभित्र सामान नबुझाएको पाईएमा संझौता अनुरूप प्रस्ताव पूरा गर्न असमर्थ भए सरह ठानी उक्त मितिको भोलिपल्ट देखि प्रति दिन सार्वजनिक खरिद नियमावली २०६४ अनुसार जरिवाना तथाकारवाही गरिनेछ ।ढुवानीकर्ताको नाम कालो सूची (Black List) मा राखि कारवाही समेत हुन सक्नेछ ।

७. यस निर्देशनालयले ढुवानी गर्न भनी ढुवानीकर्तालाई दिईनेफोर्टी फाइड पिठो (Supercereal)ढुवानीको कार्यादेश पाएको मितिले ३(तीन) दिन भित्र ढुवानीकर्ताले ढुवानीका लागि सामान बुझी लिइ सक्नु पर्नेछ । ढिलोगरेकोकारणप्रदेश सरकारलाई हानी नोक्सानी हुन गएमा सोको जिम्मेवारी ढुवानीकर्ता स्वयंको हुनेछ ।

८. ढुवानीकर्ताले सामान जिम्मा लिइ सके पछि उक्त सामान सम्वन्धित स्थानमा बुझि नलिएसम्मको बीचको अवधिमा आकस्मिक प्राकृतिक दुर्घटनाको साथै दैवी प्रकोपको अवस्थामा बाहेक कुनै सामान हानी नोक्सानी वा नपुग भएमा उक्त सामानको बिगो अनुसारको पुरै हर्जना सम्वन्धित ढुवानीकर्ताले व्यहोर्नु पर्नेछ । दुर्घटना वा दैवी प्रकोप पर्न आएको अवस्थामा सोको भरपर्दो प्रमाण सहित स्थानिय प्रमुख जिल्ला अधिकारी वा जिल्ला प्रहरी प्रमुखबाट प्रमाणित भएको हुनु पर्नेछ ।

९. प्रस्तावदाताले यस निर्देशनालयबाट खरिद गरेको फाराम भर्दा राम्ररी अध्ययन गरी सच्याएको ठाउँमा र प्रत्येक पानामा आफुले हस्ताक्षर गरी आफ्नो फर्मको छाप अनिवार्य लगाउनु पर्नेछ ।

१०. ढुवानी गर्दा लाग्ने सम्पूर्ण करहरु (मू.अ.क.बाहेक) प्रस्तावदाता स्वयंले नै व्यहोर्नु पर्नेछ । कुनै कर बापत तिरेको रकमको सोधभर्ना यस निर्देशनालयबाट दिइने छैन ।

११. प्रस्तावदाताले आफ्नो फोन नम्बर, फ्याक्स नम्बर, e-mail ठेगाना, वैकल्पीक फोन नम्बर र पत्राचार गर्ने ठेगाना फरक नपर्ने गरी उल्लेख गर्नु पर्ने छ । उल्लेखित ठेगानामा निर्देशनालयबाट सम्पर्क गर्दा सम्पर्क नभएमा, पत्राचार हुंदा ठेगाना फरक परी वा पत्र बुझ्ने व्यक्ति फेला नपरी वा अन्य कुनै कारणले पत्र फिर्ता भएमा सो समयमा प्रस्तावदाता यस निर्देशनालयमा सम्पर्क गरी पत्र नबुझेमा समेत पत्र बुझे सरह मानी कारवाही गरिने छ ।

१२. प्रस्तावकर्ताले कबोल गरेको ढुवानीको दररेटकायम भएको बाहेक अन्य कुनै खर्च यस निर्देशनालयबाट व्यहोरिने छैन ।

१३. प्रस्ताव आव्हानस्वीकृत भएपछि ढुवानीकर्ताले तोकिएको समय भित्र सम्झौता गर्नु पर्नेछ ।

१४. प्रस्तावसम्झौता बमोजिम काम सुरु नगरेमा वा काम सुरु गरी बीचैमा छाडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा ठेक्का तोड्न सकिने छ । सम्झौताको म्याद भित्र यस निर्देशनालयले तोकेको जिल्लाहरुमा सामानहरु बुझाउन नसकेको खण्डमा प्रचलित ऐन नियम अनुसार जरिवाना लाग्ने छ ।

१५. सम्झौता अवधि भित्र इन्धन तथा सवारी साधन र भरियाको भाडा वृद्धि भएमा सोको कारण जनाई ढुवानी कार्य गर्न नसक्ने भनि भन्न पाईने छैन । त्यस्तै बढी मूल्य दावी गर्न समेत पाइने छैन ।

१६. ढुवानीको लागि प्रयोग हुने गाडी, कामदार तथा ढुवानी गर्ने सामानको विमा गर्नु पर्ने भएमा प्रस्तावदाता स्वयंले गर्नु पर्ने छ । विमा वापतको कुनै पनि रकम यस निर्देशनालयबाट भुक्तानी हुने छैन ।

१७. काबु बाहिरको परिस्थितिमा बाहेक, ढुवानीकर्ताले मालसामान र सम्बद्ध सेवाहरु डेलिभरी गर्न वा सम्पन्न गर्ने आफ्नो दायित्व पूरा गर्न ढीलो गरेमा, समय थप गरिएको कुरामा सहमति जनाएको अवस्थामा बाहेक, खरिदकर्ताले पूर्व निर्धारित वा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम क्षतिपूर्ति लगाउन सक्नेछ ।

१८. प्रस्तावसाथ संलग्न शर्तमा उल्लेख भएका कुराहरुको हकमा उल्लेख भए बमोजिम हुने र यसमा उल्लेख हुन छुट भएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेख भए अनुसार हुनेछ । प्रकाशितसूचना पनि यस प्रस्ताव आव्हानको अभिन्न अंग मानिनेछ ।

# स्वघोषणा पत्र

श्रीमान निर्देशक ज्यू

स्वास्थ्य निर्देशनालय

प्रदेश नं.१, धनकुटा ।

महोदय ,

त्यस निर्देशनालयबाट मिति २०७७।०३।१६ माप्रकाशित भएकोफोर्टी फाइड पिठो (Supercereal) ढुवानी कार्य बारेको प्रस्ताव आव्हानपेश गर्ने भन्ने सूचना अनुसार उल्लेखित कार्य गर्न इच्छुक भएकोले यो प्रस्तावपेश गरेको छु / छौं । साथै म/हामी सार्वजनिक खरिद ऐन २०६३ को दफा ६२ र ६३, सार्वजनिक खरिद नियमावली, २०६४ नियम ४०(ङ) अनुसार उक्त कार्यमा भाग लिन अयोग्य नभएको, प्रस्तावित कारवाहीमा आफ्नो स्वार्थ नवाभिएको, व्यवसाय सम्वन्धी कसूरमा सजाय नपाएको र कानुन बमोजिम अधिकार प्राप्त निकायले कालो सूचीमा नराखेको र प्रचलित कानुन बमोजिम काम गर्न योग्य रहेको छु / छौं भनि लिखित घोषणा गर्दछु / गर्दछौं ।

फर्मको नाम

पुरा ठेगाना:

प्रस्तावदाताको नाम:

ठेगाना

सम्पर्क फोन नं.

फ्याक्स नं

e-mail:

हस्ताक्षर:

मिति:

फर्मको छाप: